# नेपाल गजेट

## भाग ४

### नेपाल सरकारद्वारा प्रकाशित

### काठमाडौं कार्तिक १९ गते २०१४ साल

### पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ६४

डाइरेक्टर स्वास्थ्य सेवा अन्तर्गत पशुपतिनगर अस्पताल; भुतनहा राम-नगर, चितौन, उदयपुर, प्युठाना गुल्मी, कोईलाबास, जनकपुर, सप्तरी, सिंधुली, दोलखा, खोटाङ, गोरखा, पोखरा, स्याँजा, देउखुरी, प्युठाना, डडेलधुरा, मकवानपुर, बागलुङ, बन्दीपुर, धादिङ, सुरखेत, दैलेख, चौतारा, रामेछाप, ओखलढुङ्गा, ताप्लेजुङ, नवलपुर समेत विभिन्न डिस्पेन्सरीलाई कम्पाउण्डर ३१ र ड्रेसर ३२ चाहिएका छन्। योग्य उम्मेदवारहरूले प. स. क. फाराम नं. १[२०१४] मा आफ्नो बेहोरा स्पष्ट गरी २०१४ साल माग २१ गते रोज ६ सम्ममा तलको ठेगानामा पुग्ने गरी फी दस्तुर मोरु १। सहित दरखास्त गर्नु होला। दरखास्त फारामको नमूना हरेक गढी गौडा गोश्वाराहरूमा पनि पाइन्छ। फी दस्तुर नभएका र म्याद नाघी आएका दरखास्त उपर विचार हुनेछैन।

पदहरूको विवरण यस प्रकार छन्:-

१ पदः-[क] कम्पाउण्डर, [ख] ड्रेसर, दुवै पद स्थायी तथा पेन्सन पाइने।

२ आवश्यक न्यूनतम योग्यताः-[क] कम्पाउण्डरी पास भएका, [ख] ड्रेसर पास भएका।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 226

३ मासिक तलब भत्ता [क] लाई तलब रु ४५ महँगी भत्ता रु १०, [ख] लाई तलब रू ३५ महंगी भत्ता रू १०

४· विशेष सुविधाः-घर भएको ठाउँमा बस्ने घर घर नभएको ठाउँमा बाहाल रु १५

द्रष्टव्य —ःयी सबै पोष्टमा तराइमा हुनेहरूले कं· रू· मा र पहाडमा हुनेहरूले मोरुमा तलब भत्ता पाउनेछन् ।

आज्ञाले—
डगमान मल्ल,
सेक्रेटरी- पब्लिक सर्भिस कमिशन.
सिंहदरबार काठमाडौं, नेपाल ·

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ६५

कृषि-डाइरेक्टर आफिसअन्तर्गत भेटेरिनरी अस्पतालमातहत वीरगंज भेटेरिनरी अस्पताललाई एकजना जूनियर क्लर्क चाहिएको छ। खाली पद अहिले १ मात्र प्रकाशित भए तापनि सयभन्दा धेरै बढने अनुमान गरिएको छ। योग्य उम्मेदवारहरूले प. स· क. दरखास्त फाराम नं. १ [२०१०] मा आफ्नो पुवेहोरा स्पष्ट भरी २०१४ साल पौष ११ गते रोज ४ सम्ममा तलको ठेगानामा ग्ने गरी फी दस्तुर मोरु १ सहित दरखास्त गर्नु होला। फी दस्तुर नभएका र म्याद नाघा दाखिल भएका दरखास्त उपर विचार हुनेछैन।

न्यूनतम योग्यता पुगेकाहरूको लिखित परीक्षा हुनेछ । त्यसमा विभागाय काम र हिसाबको एक पत्र तथा सामान्य ज्ञान, निबन्ध, नेपालको इतिहास र भूगोलको एक पत्र जम्मा २ पत्र हुनेछन्। लिखित परीक्षा र अन्तर्वार्ताको स्थान मिति र समयको सूचना पछि हुनेछ।

पदको विवरण यस प्रकार छ :—

१ पद:-जूनियर क्लर्क स्थायी तथा पेन्सन पाइने।

२ आवश्यक न्यूनतम योग्यता :—निजामती मध्यम पास मोफसलका उमेदवारहरूका निमित्त अफिस तर्फ स्रेस्ता विषयमा ज्ञान भएको मात्र भए पनि हुन्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३ वाँछनीय योग्यता:—स्थानीय व्यक्तिलाई विशेष प्राथमता दिइनेछ ।
४ मासिक तलब र भत्ता:—तलब कं·रु ३५ देखि ६० महंगी भत्ता कं·रु १०

आज्ञाले—
खड्गमान मल्ल
सेक्रेटरी पब्लिक सर्भिस कमिशन,
सिंहदरबार काठमाडौं, नेपाल·

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं.६६

शिक्षा मन्त्रालय-अन्तर्गत पूर्व १ नं चन्दन मन्ज्याङ र पूर्व २ न सिन्धुली गढी प्रारम्भिक पाठशालाको निमित्त दुइ जना प्रारम्भिक शिक्षक चाहिएका छन्। योग्य उम्मेदवारहरूले प. स. क· दरखास्त फारम नं. १ (२०१०) मा आफ्नो वेहोरा स्पष्ट भरी २०१४ साल पौष १२ गते रोज ५ सम्मसा तलको ठेगानामा पुग्ने गरी फि दस्तुर मोरु १। सहित दरखास्त गर्नु होला । फि दस्तुर नभएका र म्याद नाघी दाखिल भएका दरखास्तउपर विचार हुने छैन ।

पदको विवरण यस प्रकार छ:-

१· पद:-प्रारम्भिक शिक्षक, स्थायी तथा पेन्सन पाइने ।

२· आवश्यक न्यूनतम योग्यता:- पूर्व मध्यमा उत्तीर्ण ।

३·वाञ्छनीय योग्यता :-व्याकरण लिएका र स्थानीय व्यक्तिलाई प्राथमता दिइनेछ ।

४· मासिक तलब र भत्ता: तलब मोरु ३५ । देखि ६० मँहगी भत्ता मोरु १०

आज्ञाले-
खड्गमान मल्ल,
सेक्रेटरी—पब्लिक सर्भिस कमिशन.
सिंहदरबार काठमाडौं नेपाल·

गोरखापत्र छापाखानामा मुद्रित, मेनेजर प्रेमराज, शर्मा·

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

360